# ११ सातवटा अन्तिम महामारीहरु

*__यस अध्यायका मूल पदहरू:__* प्रकाश १५:१,प्रकाश ७:१-३, प्रकाश १४:९,१०, प्रकाश १६:१-१२, प्रकाश १७:१, दानिएल ५, प्रकाश १६:१६ र २ थेस्सोलिनिकी २:९-१२।

*__यस अध्यायको मूल सार पद:__* **"हे परमप्रभु, तपाईंको डर कसले मान्दैन अर्थात् तपाईंप्रति अगाध श्रद्धा कसले राख्दैन र? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै राष्ट्रका मानिसहरू आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।" (प्रकाश १५:४ रूपान्तरित)।**

शैतान, उसका मतियारहरू र दुष्टहरूको सदाको निम्ति नाश हुन तिनीहरूको र परमेश्वरको बीचमा हुने अन्तिम युद्धलाई आर्मिगेड्डन (गोग र मागोग) भनिन्छ जुन प्रकाश २०मा उल्लेख गरिएको छ। त्यस समय "राष्ट्रहरू रिसले चुर भएको" भनेर प्रकाश ११:१८ले त्यस घट्नाको सारांश बताउँछ। यस संसारमा हुने अन्तिम स्थिति देहायसँग मिल्दोजुल्दो छः अन्तिम दिनमा हुने घट्नाहरूको बिवरण येशूले दिनुभएको ("५ अब कोही-कोहीले सुन्दर-सुन्दर ढुङ्गाहरू र दानमा प्राप्त भएका सामग्रीहरूले सुसज्जित पारिएका मन्दिरको विषयमा कुरा गर्न लागे। येशूले भन्नुभयो, ६ "तिमीहरूले जे देखिरहेका छौ, यस्तो समय आउनेछ जब एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, ती जम्मै भत्किनेछन्।" लूका २१:५-६), त्यसपछि बर्षिने परमेश्वरको क्रोध जुन कि पश्चाताप नगर्ने र पापमै लठ्ठ भएर बस्ने पापी दुष्ट अत्याचारीमाथि सातवटा अन्तिम बिपत्ति वा महामारीकोरुपमा खनिएर परमेश्वरले अन्तिम न्याय गर्नुहुने फैसला ("मैले स्वर्गमा ठूलो र अचम्मको अर्को एउटा चिन्ह देखें: सात स्वर्गदूतहरूले सात वटा अन्तिम विपत्ति लिएका थिए, किनकि तिनीहरूमा नै परमेश्वरको क्रोध समाप्त भएको छ" प्रकाश १५:१)।

सात जना स्वर्गदूतहरूले परमेश्वरको क्रोधले भरिएको सातवटा कचौरा भरिएको दृश्यको चित्रण गरेर प्रकाश १५ अध्याय खोल्दछ। तर पापी तथा अधर्मीहरूमाथि परमेश्वरको क्रोध खनिनुभन्दा पहिला परमेश्वरका निष्ठावान जनहरूको भविष्यको बारेमा एक झलक पनि देखाइएको छ (प्रकाश

१५:१-४)। "पशु, उसको मूर्ति, उसको छाप र संख्या तोकिएको उसको नाउँमाथि बिजयी" भएका उहाँका जनहरूको बारेमा वर्णन गरिएको छ (प्रकाश १५:२)। त्यसबेला तिनीहरू सिसाको समुद्र जस्तो स्थानमा खडा भएका हुन्छन्, तिनीहरूले मोशा र थुमाको भजन गाउँदछन्। जब मोशाको नेतृत्वमा इस्राएलीहरूलाई परमेश्वरले लाल सागर पार गराउनुभयो तब तिनीहरूले भावबिभोर भएर उहाँको बिजयको उत्सब मनाएका थिए। जब इजिप्टको फौजले फाटिएको लाल समुद्रमा इस्राएलीहरूलाई खेद्दै थिए तब ती इस्राएलीहरू समुद्र पारभएपछि त्यो समुद्र फेरि जोडिएर ती फौजलाई निलिदिएको थियो। त्यसबेला मोशाले परमेश्वरको स्तुति गर्दै बिशेष भजन गाएका थिए (प्रस्थान १५:)। त्यसकै सम्झना गर्दै परमेश्वरका जनहरूले पनि युगको अन्तमा तिनीहरूलाई आतङ्कित बनाउनेहरूको पतन हुनुभन्दा अघि मोशाले गाएको गीत जस्तै गीत गाउनेछन्।

ती बिजयी हुने सन्तहरू तिनै हुन् जुन प्रकाश १४:१-५मा १,४४,००० भनेर सम्बोधन गरिएको थियो। पशुको छाप लगाउन अस्वीकार गरेको कारणले तिनीहरूलाई अन्तिम सात महामारी वा बिपत्तीहरूबाट सुरक्षित राखिएका थिए। अनि येशूको दोस्रो आगमनमा तिनीहरूको नाशवान शरीर कहिल्यै नाश नहुने शरीरमा परिवर्तन हुनेछ र तिनीहरू अजम्मरी जीवनको वस्त्रले पहिरिनेछन् (१ कोरन्थी १५:५१-५४) र तिनीहरू पुनरुत्थान भएका अरू सन्तहरूसँग मिल्नेछन्। जब येशू उहाँको महिमामा र शक्तिमा आउनुहुन्छ तब त्यो कार्य सम्पन्न हुनेछ ("तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं" १ थेसलोनिकी ४:१७)।

## १. अन्तिम सात बिपत्तीहरूको अर्थ

परमेश्वरप्रति अगाध श्रद्धा राखेर उहाँको मार्गमा हिंड्ने कि बेबिलोनरुपी पापको प्रतीकमा गुटमुटिएर रमाइलो गरिरहन चाहने भनेर प्रत्येक मानिसले दिनदिनै र युगको अन्तसम्ममा पनि निर्णय गरिरहेको हुन्छ। तर येशू आउनुभन्दा ठिक पहिले शैतानको बिनाशकारी क्रोधको बतास जुन सम्हालिरहेको थियो (प्रकाश ७:१-३) त्यो फुत्किनेछ। अनि त्यसपछि सातवटा महामारी अर्थात् बिपत्ती खनिनेछ।

प्रकाश १५:१मा उल्लेख गरिएको छ "मैले स्वर्गमा ठूलो र अचम्मको अर्को एउटा चिन्ह देखें: सात स्वर्गदूतहरूले सात वटा अन्तिम विपत्ति लिएका थिए, किनकि तिनीहरूमा नै परमेश्वरको क्रोध समाप्त भएको छ।" तर यो पदको मर्म बुझ्न र अन्तिम सात महामारीहरूको बारेमा अर्थपूर्णरूपमा जान्न प्रस्थान ७देखि ११ अध्यायको पृष्ठभूमि जान्न जरुरी छ अनिमात्र ती बिपत्ती अर्थात् महामारीहरूको लक्ष्यको बारेमा सिक्नसक्दछौं। हेर्नुहोस्, प्रस्थान ७ "१ तब परमप्रभुले मोशालाई भन्नुभयो, "हेर्, मैले तँलाई फारोको निम्ति ईश्वरतुल्य बनाएको छु, र तेरो दाजु हारून तेरो प्रवक्ता हुनेछ। २ म जे तँलाई हुकुम गर्नेछु तैंले त्यही बता, र तेरो दाजु हारूनले इस्राएलीहरूलाई त्यसको देशबाट जान दिओस् भनी फारोलाई भन्नेछ। ३ तर म फारोको हृदय कठोर गराइदिनेछु। अनि मेरा चिन्हहरू र आश्चर्यकर्महरूको संख्या मिश्रमा बढ़ाउनेछु। ४ तर फारोले चाहिँ तिमीहरूका कुरा सुन्नेछैन। तब म आफ्नो शक्ति मिश्रमाथि देखाउनेछु, र ठूलो इन्साफ गरीकन म मेरा दलहरू, अर्थात् मेरा प्रजा इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउनेछु। ५ जब म मिश्रमाथि आफ्नो हात उठाएर उनीहरूकै बीचबाट इस्राएलीहरूलाई निकालेर ल्याउनेछु, तब मिश्रीहरूले थाहा पाउनेछन् कि म परमप्रभु रहेछु।" ६ मोशा र हारूनले परमप्रभुले तिनीहरूलाई हुकुम गर्नुभएबमोजिम तिनीहरूले गरे। ७ फारोसित कुरा गर्दा मोशा असी वर्षका र हारूनचाहिँ त्रियासी वर्षका थिए। ८ तब परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, ९ फारोले तिमीहरूलाई "कुनै आश्चर्यकर्म देखाओ' भन्दा, तैंले चाहिँ हारूनलाई भन्नू, 'तपाईंको लहुरो लिएर फारोको सामु फ्याँकिदिनुहोस्, र त्यो साँप बन्नेछ'।" १० तब मोशा र हारून फारोकहाँ गएर परमप्रभुले आज्ञा गर्नुभएबमोजिम गरे। हारूनले आफ्नो लहुरो लिएर फारो र उनका अधिकारीहरूका सामुन्ने फालिदिए, र त्यो साँप बन्यो। ११ तब फारोले पनि ज्ञानी मानिस र टुनामुना गर्नेहरूलाई बोलाइपठाए, र ती मिश्रका जादूगरहरूले पनि आफ्नो-आफ्नो गोप्य सीपले त्यसै गरेः १२ हरेकले आफ्नो-आफ्नो लहुरो फाल्यो, र त्यो साँप बन्यो। तर हारूनको लहुरोले उनीहरूका लहुरालाई निल्यो। १३ तर फारोको हृदय कठोर भयो, र परमप्रभुले भन्नुभएअनुसार नै उनले तिनीहरूका कुरा सुनेनन्। १४ तब परमप्रभुले मोशालाई भन्नुभयो, "फारोको हृदय कठोर भएको छ। त्यसले मानिसहरूलाई जान दिँदैन। १५ तँचाहिँ बिहानै फारो नदीतिर गइरहेको बेलामा त्यसकहाँ जा। नील नदीको किनारमा त्यसलाई भेट्न उभिरहनू, र त्यो साँप बनेको लहुरो पनि

हातमा लैजा। १६ त्यसलाई यसो भन्नू, "परमप्रभु हिब्रूहरूका परमेश्‍वरले मलाई यसो भनेर तपाईंकहाँ पठाउनुभएको छः 'मेरा प्रजालाई उजाड़-स्थानमा मेरो आराधना गर्नलाई जान दे। तर तैंले अहिलेसम्म मानिनस्। १७ यसकारण परमप्रभु भन्नुहुन्छः म परमप्रभु हुँ भन्ने कुरा तैंले यसरी थाहा पाउनेछस्। हेर, म नील नदीको पानी मेरो हातमा भएको लहुरोले हिर्काउनेछु, र त्यो रगत बन्नेछ। १८ अनि नदीका माछा मर्नेछन्, र नदी साह्रै गन्हाएको कारण मिश्रीहरूले त्यसको पानी खान सक्नेछैनन्'।" १९ फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "हारूनलाई भन्, 'तपाईंको लहुरो लिएर मिश्रमा जति पानी छ, अर्थात् खोला, कुला र पोखरीका पानी रगत भइजाऊन् भनी ती सबैमाथि तपाईंको हात पसार्नुहोस्'। अनि तिनीहरू रगत हुनेछन्। मिश्रभरि भएको पानी, काठ अथवा ढुङ्गाका घड़ाहरूको पानीसमेत रगत हुनेछ'।" २० तब मोशा र हारूनले परमप्रभुको आज्ञाबमोजिम गरे। फारो र उनका अधिकारीहरूकै सामुन्ने तिनले लहुरो उठाएर नील नदीको पानीमा हिर्काए। तब जम्मै पानी रगत भइहाल्यो। २१ नील नदीका माछाहरू मरे, र नदी गन्हाउन लाग्यो, र मिश्रीहरूले नदीको पानी खान सकेनन्। मिश्रको सबै पानी रगत भयो। २२ तर मिश्रका जादूगरहरूले पनि आफ्ना गोप्य सीपद्वारा त्यसै गरे। अनि परमप्रभुले भन्नुभएझैं फारोको हृदय कठोर भयो, र उनले तिनीहरूका कुरा सुनेनन्। २३ तब फारो फर्केर आफ्नो महल गए, अनि उनले यस कुराको ख्यालै पनि राखेनन्। २४ सारा मिश्रीहरूले नीलको वरिपरि पानीको लागि खन्न लागे, किनभने नील नदीको पानी खान सकिँदैनथ्यो। २५ परमप्रभुको प्रहार नदीमाथि सात दिन रह्यो।", प्रस्थान ८ "१ फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "गएर फारोलाई भन्, 'परमप्रभु यसो भन्नुहुन्छः मेरा प्रजाहरूलाई मेरो आराधना गर्नलाई जान दे। २ तैंले तिनीहरूलाई जान दिइनस् भने म तेरो सारा देशलाई भ्यागुताहरू पठाएर सताउनेछु। ३ अनि नील नदी भ्यागुताले भरिनेछ, र ती तेरो महल, तेरो सुत्ने कोठा, तेरो पलङ्ग, तेरा अधिकारीहरूका घर-घरमा र तेरा प्रजामाथि, र तेरा चुलाहरू र पीठो मुछ्ने आह्रीहरूमा आउनेछन्। ४ ती भ्यागुताहरू तँ र तेरा प्रजाहरू, र तेरा सारा अधिकारीहरूमाथि पनि आउनेछन्'।" ५ तब परमप्रभुले मोशालाई भन्नुभयो, "हारूनलाई भन्, 'आफ्नो लहुरो लिएर खोलाहरू, कुलाहरू र पोखरीहरूमाथि हात पसार्नुहोस्, र मिश्रभरि भ्यागुताहरू आऊन्'।" ६ यसैले हारूनले आफ्नो हात मिश्रका पानीहरूमाथि पसारे र भ्यागुताहरू निस्केर मिश्रदेशै ढाके। ७ तर जादूगरहरूले पनि आफ्ना गोप्य सीपद्वारा त्यसै गरे, र मिश्रमा

भ्यागुताहरू निकाले। ८ तब फारोले मोशा र हारूनलाई बोलाउन पठाए, र भने,
"परमप्रभुसित बिन्ती गर, कि उहाँले म र मेरा प्रजाबाट भ्यागुताहरू लैजाऊन्,
अनि परमप्रभुको निम्ति बलि चढ़ाउनलाई तिम्रा मानिसलाई म जान दिनेछु।" ९
मोशाले फारोलाई भने, "हुकुम गर्नुहोस्, कुन बेला म तपाईं र तपाईंका
अधिकारीहरू र तपाईंका प्रजाका निम्ति बिन्ती गरूँ, र भ्यागुताहरू तपाईं र
तपाईंका घरहरूबाट नष्ट भएर जाऊन् र नील नदीमा मात्रै रहून्?" १० उनले
भने, "भोलि।" मोशाले भने, "तपाईंको वचनअनुसार होस्, र तपाईंले जान्नुहोला कि
परमप्रभु हाम्रा परमेश्वरजस्तो अरू कोही छैन। ११ भ्यागुताहरू तपाईं र
तपाईंका घरहरू र तपाईंका अधिकारीहरू र तपाईंका प्रजाबाट फर्केर जानेछन्, र
केवल नील नदीमा मात्र रहनेछन्।" १२ तब मोशा र हारून फारोकहाँबाट
निस्केर गए। परमप्रभुले फारोमाथि पठाउनुभएका भ्यागुताहरूका बारेमा मोशाले
पुकारा गरे। १३ अनि परमप्रभुले मोशाको वचनअनुसार गर्नुभयो। भ्यागुताहरू
घर, आँगन र मैदानमा मरे। १४ मानिसहरूले ती बटुलेर थुप्रो लगाए, र देश
गन्हाउन लाग्यो। १५ तर जब फारोले सबै शान्त भएका देखे, तब परमप्रभुले
भन्नुभएझैं उनले आफ्नो हृदय कठोर गरे, र मोशा र हारूनका कुरा सुनेनन्।
१६ फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "हारूनलाई भन्, 'तपाईंको लहुरो लिएर
जमिनको धूलोमा हिर्काउनुहोस्, र ती मिश्रभरि भुसुना बनिऊन्'।" १७ तिनीहरूले
त्यसै गरे। जब हारूनले लहुरो लिएर आफ्नो हात पसारेर जमिनको धूलोमाथि
हिर्काए, तब मानिसहरू र पशुहरूमा भुसुना लागे। सारा मिश्रभरिको धूलो भुसुनै-
भुसुना भयो। १८ ती जादूगरहरूले पनि आफ्ना गोप्य सीपद्वारा भुसुना ल्याउन
खोजे, तर सकेनन्। मानिसहरू र पशुहरूमा भुसुना रहिरहे। १९ तब
जादूगरहरूले फारोलाई भने, "यसमा त परमेश्वरकै हात छ।" तर परमप्रभुले
भन्नुभएबमोजिम फारोको हृदय कठोर भयो, र उनले तिनीहरूका कुरा सुनेनन्।
२० फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "बिहान सबेरै उठेर फारो नदीतिर जाँदा
त्यसको सामु हाजिर हो। त्यसलाई भन्, 'परमप्रभु यसो भन्नुहुन्छः मेरो आराधना
गर्न मेरा प्रजालाई जान दे। २१ मेरा प्रजालाई जान दिइनस् भने, हेर्, तँ, तेरा
अधिकारहरू र तेरा प्रजामाथि र तेरा घरहरूमा म हूलका हूल झींगा पठाउनेछु,
र मिश्रीहरूका घर-घरमा र तिनीहरू रहेका ठाउँहरूमा समेत हूलका हूल झींगा
थुप्रिनेछन्। २२ " 'तर त्यस दिन म मेरा मानिसहरू बस्ने गोशेन प्रदेशलाई
चाहिँ छुट्ट्याउनेछु, र त्यहाँ झींगाका बथान हुनेछैन। तब तैंले जान्नेछस् कि म,
परमप्रभु यस देशमा छु। २३ यसरी म मेरो प्रजा र तेरो प्रजाको बीचमा भिन्नता

ल्याउनेछु। यो आश्चर्यपूर्ण चिन्ह भोलि हुनेछ'।" २४ अनि परमप्रभुले त्यसै गर्नुभयो। फारोको महल, उनका अधिकारीहरूका घर-घरमा हूलका हूल झीँगाहरू आए, र झीँगाहरूको कारण मिश्र बरबाद भयो। २५ तब फारोले मोशा र हारूनलाई बोलाएर भने, "तिमीहरू गएर यही देशभित्र आफ्ना परमेश्वरको निम्ति बलि चढ़ाओ।" २६ तर मोशाले भने, "यसो गर्नु ठीक हुँदैन, किनकि परमप्रभु हाम्रा परमेश्वरको निम्ति हामीले चढ़ाउने बलिदेखि मिश्रीहरू घीन मान्छन्। मिश्रीहरूकै आँखाका सामुन्ने उनीहरूले घीन गर्ने बलि हामीले चढ़ायौं भनेता उनीहरूले हामीलाई ढुङ्गाले नहान्लान्? २७ हामी तीन दिनको बाटो गएर उजाड़-स्थानमा परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम उहाँको निम्ति हामीले बलि चढ़ाउनुपर्छ।" २८ फारोले भने, "म तिमीहरूलाई उजाड़-स्थानमा परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति बलि चढ़ाउनलाई जान त दिनेछु, तर धेरै टाढ़ाचाहिँ नजाओ। अब मेरो निम्ति बिन्ती चढ़ाइदेओ।" २९ मोशाले भने, "म तपाईंबाट बाहिर जानासाथ, फारो र तपाईंका अधिकारीहरू र प्रजाबाट भोलि नै ती झीँगाका हूल हटून् भनी म प्रार्थना गर्नेछु। तर परमप्रभुको निम्ति बलि गर्न जान नदिएर फारोले फेरि-फेरि छल नगर्नुहोला।" ३० तब मोशा फारोकहाँबाट बाहिर गएर परमप्रभुलाई बिन्ती गरे। ३१ अनि परमप्रभुले मोशाको वचनअनुसार गर्नुभयो, र फारो र उनका अधिकारीहरू र उनका प्रजाकहाँबाट ती झीँगाका हूल एउटै पनि नरहने गरी हटे। ३२ तर यस पल्ट पनि फारोले आफ्नो हृदय कठोर पारे र मानिसहरूलाई जान दिएनन्।", प्रस्थान ९ "१ फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "फारोकहाँ गएर त्यसलाई भन्, 'परमप्रभु हिब्रूहरूका परमेश्वर यसो भन्नुहुन्छः मेरा प्रजालाई मेरो आराधना गर्नलाई जान दे। २ तैंले तिनीहरूलाई जान दिन अस्वीकार गरिस् र अझै रोकेर राखिस् भने, ३ खेत-मैदानमा भएका तेरा पशुहरू, अर्थात् घोड़ा, गधा, ऊँट, गाईबस्तुहरू र भेड़ाबाख्राहरूमाथि परमप्रभुको हात पर्नेछ, र त्यहाँ भयानक रूढ़ी आउनेछ। ४ तर परमप्रभुले इस्राएलका गाईबस्तु र मिश्रका गाईबस्तुमा भेद राख्नुहुनेछ, र इस्राएलीहरूको एउटै पनि पशु मर्नेछैन'।" ५ परमप्रभुले यसो भनेर एक निश्चित समय ठहराउनुभयो, "भोलि नै यस देशमा परमप्रभुले यो काम गर्नुहुन्छ।" ६ अनि भोलिपल्ट परमप्रभुले त्यो काम गर्नुभयो, र मिश्रका सबै गाईबस्तु मरे, तर इस्राएलीहरूको एउटै पनि गाईबस्तु मरेन। ७ फारोले सो हेर्नलाई मानिसहरू पठाए, तर इस्राएलीहरूका गाईबस्तुहरूमध्येको एउटै पनि मरेको उनीहरूले देखेनन्। तापनि फारोको हृदय कठोर भई नै रह्यो, र उनले

मानिसहरूलाई जान दिएनन्। ८ फेरि परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
“भट्टीबाट आफ्ना-आफ्ना मुट्ठीभरि खरानी लेओ, र मोशाले फारोका आँखाकै सामु
यो आकाशतिर छरिदिओस्। ९ त्यो सारा मिश्रमा मसिनो धूलो भएर मिश्रका
सबै मानिस र पशुका शरीरमा खटिरा बन्नेछन्।” १० तब तिनीहरू भट्टीको
खरानी लिएर फारोको सामुन्ने खड़ा भए, र मोशाले हावामा त्यो छरिदिए। अनि
मानिस र पशुका शरीरमा खटिरा निस्किआए ११ जादूगरहरू खटिराको कारणले
गर्दा मोशाको सामुन्ने टिक्नै सकेनन्, किनकि जादूगरहरूका शरीरमा र सारा
मिश्रीहरूका शरीरमा खटिरा निस्केका थिए। १२ तर परमप्रभुले फारोको हृदय
कठोर गराउनुभयो, र परमप्रभुले मोशालाई भन्नुभएझैं उनले मोशा र हारूनका
कुरा सुनेनन्। १३ फेरि परमप्रभुले मोशालाई भन्नुभयो, “बिहान सबेरै उठेर
फारोको सामुन्ने हाजिर हो, र त्यसलाई भन्, ‘परमप्रभु हिब्रूहरूका हिब्रूहरूका
परमेश्वर यसो भन्नुहुन्छः मेरो आराधना गर्नलाई मेरा प्रजालाई जान दे। १४
नत्रभने यस पल्ट तँमाथि र तेरा अधिकारीहरू र प्रजामाथि पूरा शक्तिमा मेरा
सबै विपत्तिहरू म पठाउनेछु, ताकि सारा पृथ्वीमा मजस्तो कोही रहेनछ भनी
तँलाई थाहा होस्। १५ किनकि यदि मैले आफ्नो हात पसारेर तँलाई र तेरा
प्रजालाई रूढ़ीले प्रहार गरेको भएदेखि तँ पृथ्वीबाट मेटिनेथिइस्। १६ तर मेरो
शक्ति प्रकट गर्ने अभिप्रायले नै मैले तँलाई जीवित राखेको छु, कि सारा संसारमा
मेरो नाउँको घोषणा होस्। १७ अझै पनि मेरो प्रजालाई जान नदिएर तँ आफै
खूब ठूलो बन्छस्। १८ यसकारण भोलि यसै बेला म यस्तो घोर असिना
बर्साउनेछु जो मिश्र स्थापित भएको दिनदेखि अहिलेसम्म बर्सिएको छैन। १९
अब मानिसहरू पठाएर मैदानमा भएका गाईबस्तुहरू र जे-जे छन्, सबै चाँड़ै
भित्र्या, किनकि मैदानमा छोड़िएका र घरमा नहुलेको हरेक मानिस र पशुमाथि
असिना बर्सिनेछ, र ती मर्नेछन्’।” २० फारोका अधिकारीहरूमध्ये जसजसले
परमप्रभुका वचनको डर माने, उनीहरूले आफ्ना-आफ्ना नोकरहरू र
गाईबस्तुहरूलाई घरभित्र हुले। २१ तर परमप्रभुका वचनको वास्ता नगर्नेचाहिँले
आफ्ना-आफ्ना नोकरहरू र गाईबस्तुहरू मैदानमा नै रहन दिए। २२ तब
परमप्रभुले मोशालाई भन्नुभयो, “तेरो हात आकाशतिर पसार, र सारा मिश्रभरि
असिना परोस्– मिश्रभरिका मानिस, पशु, बारीमा उम्रने सबैमा असिना बर्सोस्।”
२३ तब मोशाले आफ्नो लहुरो आकाशतिर पसारे, र परमप्रभुले गर्जन र असिना
पठाउनुभयो, र पृथ्वीसम्म बिजुली चम्क्यो। अनि परमप्रभुले मिश्रमा असिना
बर्साउनुभयो। २४ असिना पर्‍यो र बिजुली चम्क्यो। यस्तो त मिश्र राष्ट्रको

प्रारम्भदेखि भएको थिएन। २५ असिनाले सारा मिश्रभरिका मैदानका मानिस र पशु दुवैलाई चुट्यो। असिनाले बारीमा उम्रेका सबैलाई चुट्यो र सबै रूखहरू नाङ्गा पार्‍यो। २६ केवल इस्राएलीहरू भएको गोशेन प्रदेशमा असिना परेन।२७ तब फारोले मोशा र हारूनलाई बोलाएर भने, "यस पल्ट मैले पाप गरें। परमप्रभु धर्मी हुनुहुन्छ, म र मेरा प्रजा गलत रहेछौं। २८ परमप्रभुलाई बिन्ती गरिदेऊ, किनकि यो गर्जन र असिना पर्याप्त भयो। म तिमीहरूलाई जान दिनेछु। तिमीहरू अब अझै बस्नुपर्दैन।" २९ मोशाले उनलाई जवाफ दिए, "सहरबाट निस्कने बित्तिकै म परमप्रभुतिर आफ्नो हात पसार्नेछु, र गर्जन थामिनेछ, र असिना बर्सिनेछैन। अनि तपाईं जान्नुहोला कि पृथ्वी परमप्रभुकै हो। ३० तर मलाई थाहा छ, तपाईं र तपाईंका अधिकारीहरूले भने परमप्रभु परमेश्‍वरको डर अझसम्म मान्नुभएको छैन।" ३१ (सनपाट र जौमा असिनाको प्रहार परेको थियो, किनकि जौमा बाला लागिसकेको थियो, र सनपाटचाहिँ फुलिसकेका थिए। ३२ तर गहूँ र कठियागहूँमा चाहिँ प्रहार परेन, किनकि तीचाहिँ पछि पाक्छन्।) ३३ अनि मोशा फारोबाट सहरदेखि निस्केर गए, र परमप्रभुतिर आफ्ना हात पसारे। तब गर्जन र असिना थामियो, र जमिनमा पानी ओइरिएन। ३४ तर जब फारोले पानी, असिना र गर्जन थामिएका देखे, तब उनले अझ बढ्ता पाप गरे, र उनले र उनका अधिकारीहरूले आफ्ना हृदय कठोर गरे। ३५ यसरी फारोको हृदय कठोर भयो, र परमप्रभुले मोशालाई भन्नुभएबमोजिम उनले इस्राएलीहरूलाई जान दिएनन्।", प्रस्थान १० "१ फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "फारोकहाँ जा, किनकि उनीहरूका बीचमा मेरा यी चिन्हहरू देखाऊँ भनेर नै मैले त्यो र त्यसका अधिकारीहरूका हृदय कठोर गरेको हुँ, २ ताकि मैले कसरी मिश्रीहरूको उपहास गरें, र उनीहरूका बीचमा कस्ता-कस्ता चिन्हहरू देखाएँ सो तैंले आफ्ना छोरा-नातिहरूलाई बताउनू, र परमप्रभु म नै हुँ भनी तँलाई थाहा होस्।" ३ तब मोशा र हारून फारोकहाँ गएर उनलाई भने, "परमप्रभु हिब्रूहरूका परमेश्‍वर भन्नुहुन्छ, 'कहिलेसम्म तँ मेरो अगि नम्र हुन अस्वीकार गर्छस्? मेरा प्रजालाई जान दे, र तिनीहरूले मेरो आराधना गरून्। ४ तैंले मेरा प्रजालाई जान दिन अस्वीकार गरिस् भने, भोलि म तेरा सिमानाभित्र सलहहरू ल्याउनेछु। ५ तिनीहरूले जमिनको सतह यस्तो गरी ढाक्नेछन् कि जमिन देखिनेछैन। असिनाबाट जोगिएर उब्रेका सबै कुरा तिनीहरूले खानेछन्। तिमीहरूका वनमा उम्रेका सबै रूखपात तिनीहरूले खानेछन्। ६ तेरा घरमा र तेरा सबै अधिकारीहरूका घरमा र सारा मिश्रीहरूका घरमा ती भरिनेछन्। त्यति

बिघ्न सलह त तेरा पिता-पुर्खाहरूले यस देशमा आएदेखि आजसम्म कहिल्यै
देखेका थिएनन्'।" तब मोशा फर्केर फारोबाट निस्केर गए। ७ फारोका
अधिकारीहरूले उनलाई भने, "कहिलेसम्म यो मानिस हाम्रा लागि पासो बन्ने? ती
मानिसहरूलाई तिनीहरूका परमप्रभु परमेश्वरको आराधना गर्नलाई जान
दिनुहोस्। मिश्रदेश नष्ट भइसक्यो भन्ने के हजूरलाई थाहा छैन?" ८ अनि मोशा
र हारून फारोकहाँ ल्याइए। उनले तिनीहरूलाई भने, "जाओ, परमप्रभु
तिमीहरूका परमेश्वरको आराधना गर। तर जानेहरूचाहिँ को-को हुन्?" ९
मोशाले भने, "हामी, हाम्रा केटाकेटी, बूढ़ाबूढ़ी, छोराछोरी, भेड़ाबाख्रा र गाईबस्तुहरू
लिएर जानेछौं, किनकि हामीले परमप्रभुको निम्ति चाड़ मान्नुपर्छ।" १० फारोले
भने, "तिमीहरूका परमप्रभु तिमीहरूसँगै रहून्। मैले तिमीहरूलाई आफ्ना
आइमाई र बालबच्चाहरूसमेत जान दिने? तिमीहरूको मनमा केही दुष्ट अभिप्राय
छ। ११ अँहँ, त्यसो हुँदैन। तिमी पुरुषहरू मात्र गएर परमप्रभुको आराधना गर,
किनकि तिमीहरूले त्यही माग गरेका छौ।" अनि मोशा र हारून फारोको
सामुन्नेबाट लघारिए। १२ तब परमप्रभुले मोशालाई भन्नुभयो, "सलहहरू मिश्रमा
आऊन् भनी आफ्नो हात पसार, र ती मिश्रमा आएर असिनाबाट बाँचेका बारीका
जम्मै सागपातहरू खाइदिऊन्।" १३ अनि मोशाले आफ्नो लहुरो मिश्रमाथि
पसारे, र परमप्रभुले त्यस दिनभरि र रातभरि देशमा पूर्वीय बतास चलाउनुभयो।
जब बिहान भयो तब पूर्वीय बतासले सलहहरू ल्याएको थियो। १४ अनि
सलहहरू मिश्रमा आए, र सारा देशभरि हूलका हूलमा बसे। त्यतिका सलहहरू
न त अघि आएका थिए न पछि फेरि आउनेछन्। १५ तिनीहरूले सारा
भूमिलाई ढाके, यहाँसम्म कि जमिनै कालो देखियो। अनि तिनीहरूले असिनाबाट
बाँचेका, देशका सब सागपात र रूखका सबै फलहरू खाइहाले। मिश्रभरि
हरियोपरियो केही रहेन। १६ तब फारोले मोशा र हारूनलाई झट्टै बोलाउन
पठाए, र उनले भने, "मैले परमप्रभु तिमीहरूका परमेश्वरको विरुद्धमा र
तिमीहरूका विरुद्धमा पाप गरें। १७ यसकारण अब म बिन्ती गर्दछु, फेरि मेरो
पाप क्षमा गर, र परमप्रभु आफ्ना परमेश्वरसँग बिन्ती गर, र उहाँले ममाथि
आइलागेको यो विपत्ति मबाट हटाइदिऊन्।" १८ तब मोशा फारोकहाँबाट
निस्केर गए, र परमप्रभुलाई बिन्ती गरे। १९ अनि परमप्रभुले अति ठूलो पश्चिमी
बतास चलाइदिनुभयो, जसले सलहहरूलाई लाल समुद्रतिर उड़ाएर लग्यो, र
मिश्रभित्र एउटै पनि सलह रहेन। २० तर परमप्रभुले फारोको हृदय कठोर
गरिदिनुभयो, र उनले इस्राएलीहरूलाई जान दिएनन्। २१ फेरि परमप्रभुले

मोशालाई भन्नुभयो, "तेरो हात आकाशतिर पसार, र मिश्रमा अँध्यारो भइजाओस्।
छाम्दा थाहा पाउनेजस्तो अन्धकार होस्।" २२ अनि मोशाले आफ्नो हात
आकाशतिर पसारे, र सारा मिश्रमा तीन दिनसम्म निस्पट्ट अन्धकार भयो। २३
तीन दिनसम्म न त कसैले कसैलाई देख्न सक्यो, न कोही आफ्नो ठाउँबाट
उठ्न सक्यो। तर सारा इस्राएलीहरू बसेका ठाउँहरूमा भने उज्यालै रह्यो।
२४ तब फारोले मोशालाई बोलाउन पठाए, र भने, "जाओ, तिमीहरू आफ्ना
परमप्रभुको आराधना गर। केवल तिमीहरूका भेड़ाबाख्रा र गाईबस्तुहरू
छोड़िराख। तिमीहरूका आइमाई र बालबच्चाहरू पनि तिमीहरूसँगै जाऊन्।"
२५ तर मोशाले भने, "परमप्रभु हाम्रा परमेश्वरको निम्ति बलि गर्नलाई तपाईंले
हाम्रा हातमा बलिका सामग्री र होमबलि लिन पनि दिनुपर्छ। २६ हाम्रा
गाईबस्तुहरू पनि हामीसँगै जानेछन्, र एउटा खुर पनि पछि छोड़िनु हुन्न।
तिनीहरूमध्येकै कुनै-कुनै हामीले परमप्रभु आफ्ना परमेश्वरलाई पुज्नलाई
चढ़ाउनुपर्नेछ। जबसम्म हामी त्यहाँ पुग्दैनौं तबसम्म हामीलाई थाहा हुँदैन कि
के-के चढ़ाएर हामीले परमप्रभुलाई पुज्नुपर्छ।" २७ तर परमप्रभुले फारोको
हृदय कठोर गरिदिनुभयो, र तिनीहरूलाई जान दिन उनी राजी थिएनन्। २८ तब
फारोले मोशालाई भने, "मेरो सामुन्नेबाट गइहाल्। होसियार बस्, मेरो सामुन्ने
फेरि देखा नपर, किनभने जुन दिन तैंले मेरो मुख हेर्लास् त्यो दिन तँ मर्नेछस्।"
२९ मोशाले भने, "तपाईंले भन्नुभएजस्तै होस्, म फेरि कहिल्यै तपाईंको मुख
हेर्नेछैनँ।" र प्रस्थान ११ "१ तब परमप्रभुले मोशालाई भन्नुभयो, "अझै एउटा
विपत्ति म फारो र मिश्रमाथि ल्याउनेछु। त्यसपछि त्यसले तिमीहरूलाई यहाँबाट
जान दिनेछ, र त्यसो गर्दा तिमीहरूलाई यहाँबाट पूर्ण रूपले निकालिदिनेछ। २
अब मानिसहरूलाई भन्, कि तिनीहरू हरेक पुरुष र स्त्रीले आफ्ना-आफ्ना
छिमेकीसित सुन र चाँदीका गरगहना मागोस्।" ३ (अनि परमप्रभुले मिश्रीहरूलाई
ती मानिसहरूप्रति कृपालु बनाइदिनुभयो। त्यसबाहेक मोशा मिश्रदेशमा फारोका
अधिकारीहरू र समाजका दृष्टिमा महान् ठानिए।) ४ यसैले मोशाले भने,
"परमप्रभु यसो भन्नुहुन्छः 'मध्यराततिर म मिश्रको बीचबाट भएर जानेछु। ५
सिंहासनमा बस्ने फारोको जेठो छोरादेखि लिएर जाँतो पिँध्ने कमारीको जेठो
छोरासम्म, गाईबस्तुका सबै पहिले जन्मेका समेत, मिश्रका सबै पहिले जन्मेका
मर्नेछन्। ६ सारा मिश्रभरि अघि कहिल्यै नसुनिएको क्रन्दन सुनिनेछ, जो फेरि
सुनिनेछैन। ७ तर पशुको विरुद्धमा होस् वा मान्छेको विरुद्धमा होस्
इस्राएलीहरूका बीचमा एउटा कुकुर पनि भुक्नेछैन'। तब तिमीहरूले थाहा

**पाउनेछौ कि परमप्रभुले मिश्रीहरू र इस्राएलीहरूमा भेद राख्नुहुन्छ। ८ अनि तेरा यी सबै अधिकारीहरू मकहाँ आएर मलाई दण्डवत् गरेर भन्नेछन्, 'तपाईंका पछि लाग्ने सारा मानिसहरूसमेत तपाईं निस्किजानुहोस्'। त्यसपछि म निस्किजानेछु।" तब मोशा अत्यन्त क्रोधित भएर फारोकहाँबाट गइहाले। ९ परमप्रभुले मोशालाई भन्नुभएको थियो, "मिश्रमा मेरा आश्चर्यका कामहरू अझ बढ्दैजाऊन् भनेर फारोले तेरो कुरा सुन्नेछैन।" १० मोशा र हारूनले यी सबै आश्चर्यका कामहरू फारोको सामु गरे। तर परमप्रभुले फारोको हृदय कठोर गराइदिनुभयो, र उनले इस्राएलीहरूलाई आफ्नो देशबाट जान दिएनन्।"**

अन्तिम सात बिपत्तीहरू "अन्तिम" भनेर सम्बोधन गरिएको छ किनकि यो यस पृथ्वीको इतिहासको ठिक अन्त्यको समयमानै हुनेछ। त्यसको ठिक बिपरीत तुरही फुकेर ल्याउने सात बिपत्तीहरू सारा इसाई युग समेतेको हुन्छ र तिनीहरूकै परिधिमा सिमित भएको हुन्छ। सुसमाचार प्रचार गरिरहेकै अवस्थामा ती बिपत्तीहरू आइरहेका हुन्छन् (प्रकाश १०:८-११:१४) र त्यसबेला परमेश्वरका जनहरूको निम्ति उहाँसँग बिन्तिभाउ गरिरहेको हुन्छ (प्रकाश ८:२-५)। ती बिपत्तीहरूमा परमेश्वरको करुणा मिसिएको हुन्छ किनकि ती समयहरूमा परमेश्वरका बिद्रोहीहरूलाई पश्चाताप गर्न उहाँले अवसर दिइरहनुहुन्थ्यो। तर सात बिपत्तीचाहिँ येशूको दोस्रो आगमनको ठिक अघि खनिइनेछ। ती बिपत्तीहरू परमेश्वरको मुक्तिको प्रेमलाई अस्वीकार गरेर फारो राजा जस्तो हृदयलाई कठोर गर्नेहरूको निम्ति हो जसलाई पश्चाताप गर्न अवसर दिएतापनि वास्ता गरेका हुँदैनन् (प्रकाश १६:११ "तिनीहरूका वेदना र घाउ-खटिराले गर्दा तिनीहरूले स्वर्गका परमेश्वरलाई सरापे। तर आफूले गरेका कुकर्मबाट पश्चात्ताप गर्न तिनीहरूले इन्कार गरे")।

यस संसारमा शैतान र उसका मतियार तथा मानिसहरूले उसको बाटो चुनेर निर्दोष मानिसहरूलाई अनेकौं तरिकाले अत्याचार र दमन गरिरहेकाछन्। त्यसले गर्दा परमेश्वरमा आस्था राख्नेहरूले परमेश्वर चुप लागिरहनुभएको जस्तो देखिएकोले तिनीहरू चकित भइरहेका हुन्छन्। तर न्यायप्रेमी परमेश्वर सधैं चुपलागिहनुहुनेछैन। दुष्टहरूले दुष्टता नै मनपरिरहेको र निर्दोष व्यक्तिहरूलाई सताइरहन रोजिरहेको हुनाले परमेश्वरले आफ्नो धार्मिक न्याय अनुसार तिनीहरूमाथि उहाँको क्रोध खन्याउनुहुनेछ ("२६ यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई

अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, २७ र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे। २८ यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो। २९ तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन्। तिनीहरू डाह, हत्या, झैँझगड़ा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू कुरौटे, ३० र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, ३१ मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन्। ३२ यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्" रोमी १:२६-३२)। जब परमेश्वरले आफ्नो क्रोध खन्याउनुहुन्छ तब उहाँले दिनुहुने मुक्तिलाई लत्याउनेहरूले तिनीहरूकै निर्णयका फलहरू भोग्नेछन्।

**देहायका पदहरू पढ्नुहोस्। प्रकाश १५:८मा लेखिएको "कोही मानिस पनि मन्दिरभित्र पस्न सकेनन्"को अर्थ के हो? त्यसले सात बिपत्तीहरूको समयको बारेमा कस्तो आभास् दिन्छ? हेर्नुहोस्, प्रकाश १५:५-८ "५ यी कुरापछि मैले हेरें, र स्वर्गमा गवाहीका मण्डपको मन्दिर उघारियो। ६ स्वच्छ र उज्ज्वल वस्त्र धारण गरेका र छातीमा सुनौलो फित्ता बाँधेका सात स्वर्गदूतहरू सात विपत्ति लिएर मन्दिरबाट बाहिर निस्के। ७ ती चार जीवित प्राणीमध्ये एउटाले सदासर्वदा जीवित रहनुहुने परमेश्वरको क्रोधले भरिएका सुनका सात कचौरा ती सात स्वर्गदूतलाई दिए। ८ अनि परमेश्वरको महिमा र उहाँका शक्तिको कारण मन्दिर धूवाँले भरियो। ती सात स्वर्गदूतका सात विपत्ति नसिद्धिञ्जेल कोही पनि मन्दिरभित्र पस्न सकेन।", प्रस्थान ४०:३४,३५ "३४ तब भेट हुने पाल बादलले छोप्यो, र परमप्रभुको महिमाले पवित्र वासस्थान भरियो। ३५ अनि मोशा भेट हुने पालमा पस्न सकेनन्, किनकि त्यो बादल त्यसमा बसिरह्यो, र परमप्रभुको महिमाले पवित्र वासस्थान भरियो।" र १ राजा ८:१०,११ "१० जब पूजाहारीहरू पवित्रस्थानबाट बाहिर आए, तब परमप्रभुको मन्दिर बादलले भरियो। ११ अनि पूजाहारीहरूले त्यहाँ बादल भएको हुनाले सेवा गर्न सकेनन्, किनभने परमप्रभुको महिमाले मन्दिर भरिएको थियो।"**

"कोही मानिस पनि मन्दिरभित्र पस्न सकेन" (प्रकाश १५:८ रूपान्तरित) भनी व्यक्त गरिएको कथनले परमेश्वरले दिनुभएको परीक्षण वा पश्चाताप गर्ने समयको अवधि बन्द भएको कुरालाई औंल्याउँछ (प्रकाश २२:११ "दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लील काम गर्नेले अश्लील काम गरिरहोस्, धर्मात्माले धार्मिक कार्य गरिरहोस्, र पवित्र जनचाहिँ पवित्र नै भइरहोस्")। जब स्वर्गमा भएको परमेश्वरको मन्दिरमा पापीहरूको निम्ति पहल गर्ने काम वा सेवा गर्ने कामको अन्त्य हुन्छ तब पश्चाताप गर्ने अवसर सदाको निम्ति बन्द हुनेछ। त्यसकारण अन्तिम महामारी वा बिपत्ति कसैलाई पनि पश्चाताप गर्नेगरी आउने होइन। तर त्यसबाट बेबिलोनरुपि तत्वको पछि लागेर कठोर हृदय पार्ने निर्णय गर्नेहरूको हृदय र नियतहरूको पर्दाफास हुनेछ, जसले गर्दा तिनीहरू परमेश्वरप्रति झन घृणाको आगोले दन्किनेछन् (प्रकाश १६:७-११ "७ वेदीले यसो भनिरहेको मैले सुनें, "हो, परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका इन्साफ सत्य र न्यायसङ्गत छन्।" ८ त्यसपछि चौथो स्वर्गदूतले आफ्नो कचौरो सूर्यमाथि खन्याए, र मानिसहरूलाई अग्निले डढ़ाउने अनुमति सूर्यलाई दिइयो। ९ मानिसहरू प्रचण्ड तापले डढ़े, र तिनीहरूले ती विपत्तिहरूमाथि अधिकार भएका परमेश्वरका नाउँको निन्दा गरे। तर तिनीहरूले पश्चात्ताप गर्न र उहाँलाई महिमा दिन इन्कार गरे। १० अनि पाँचौं स्वर्गदूतले आफ्नो कचौरो त्यस पशुको सिंहासनमा खन्याए, र त्यसको राज्यमा अन्धकार छायो, र वेदनामा मानिसहरूले आ-आफ्नो जिब्रो टोके। ११ तिनीहरूका वेदना र घाउ-खटिराले गर्दा तिनीहरूले स्वर्गका परमेश्वरलाई सरापे। तर आफूले गरेका कुकर्मबाट पश्चात्ताप गर्न तिनीहरूले इन्कार गरे")।

**तपाईंको वरिपरिका संसारलाई हेर्नुहोस्। अनेकौं राजनैतिक, धार्मिक र आदर्शवादको हुँकारले के यो संसार राम्रो गतिमा लागिरहेको छ त? परमेश्वरले खन्याउनुहुने अन्तिम बिपत्तिहरू पर्खिरहेको परिप्रेक्ष्यमा परमेश्वरको धैर्यता र करुणाले हामीलाई के सिकाउँछ?**

## २. अन्तिम महामारी वा बिपत्तिहरूको भल खनिन्छ

स्वर्गमा रहेको पवित्र मन्दिरमा मानिसहरू परमेश्वरतिर फर्कून् भन्ने येशूको पहलको सेवाकार्य सकिएपछि यस संसारमा जन्मिने प्रत्येक मानिसको भविष्य सदाको निम्ति निर्धारण भइसकेको हुनेछ। अब ती मानिसहरूले

परमेश्वरको क्रोधको पूरा स्वाद पाउनु पर्ने हुन्छः अरूलाई आतङ्कित पारेर दमन गर्न रुचाउने प्रवृत्ति भएका मानिसहरू, दुष्ट र छलकपटमा मातिन चाहनेहरू, धोका दिनेहरू, पापको दलदलमा भासिन चाहनेहरू, सुसमाचारको मिठासपनालाई हस्सी उडाएर वेवास्ता गर्नेहरू, धर्मलाई लत्याएर अधर्ममा पोसिन चाहनेहरू, आफ्नो शरीर आफ्नै हो भनेर दुरुपयोग गर्नेहरू आदि।

सातवटा महामारी वा विपत्तिहरूले इजिप्टका राजा तथा जनताले अनुभव गर्न वाध्य भएका महामारीहरूलाई प्रतिबिम्बित गर्दछ (प्रस्थान ७-११)। जसरी इजिप्टका बासिन्दाहरू महामारीको भूमरीमा परिरहेको बेलामा ती कष्टबाट परमेश्वरका जनहरूलाई सुरक्षित राखिएको थियो त्यसरी नै परमेश्वरले यस संसारमा बिपत्तीहरू खन्याउने बेलामा उहाँका जनहरूलाई सुरक्षा गरिनेछ(भजन ९१:३-१०, ग्रेट कन्त्रोभर्सी ६२९,६३०)। इजिप्टमा आएको महामारीले त्यहाँको राजा फारोको हृदय कठोर भएको देखाइएको थियो र इजिप्टका बासिन्दाहरूले तिनीहरूको देवीदेवताहरूले तिनीहरूलाई सुरक्षा गर्न असमर्थ र शक्तिहीन भएको देखाइएको थियो। त्यसै गरि परमेश्वरको सत्य वचनबाट अलग रहेर समुद्रको पशुलाई पूजा गर्नेहरूको हृदय अन्तिम महामारीहरूमा झन झन कठोर हुनेछन् र परमेश्वरले ल्याउनुहुने न्यायको नतिजाबाट तिनीहरूलाई सुरक्षित राख्न बेबिलोन असमर्थ र शक्तिहीन भएको प्रकट गरिनेछ।

**प्रकाश १६:१-११ पढेर त्यहाँ के भइरहेको छ र कसरी चित्रण गरिएको छ सो जान्नुहोस् "१ तब मन्दिरबाट आएको एउटा चर्को सोरले सात स्वर्गदूतहरूलाई यसो भनिरहेको मैले सुनेंः "तिमीहरू जाओ, र परमेश्वरका क्रोधका सात कचौरा पृथ्वीमाथि खन्याओ।" २ तब पहिलो स्वर्गदूतले गएर आफ्नो कचौरो पृथ्वीमाथि खन्याए, र त्यसले गर्दा त्यस पशुको छाप हुने र त्यसको मूर्तिलाई पुज्ने मानिसहरूलाई घिनलाग्दा र दुख्ने घाउ-खटिरा निस्के। ३ दोस्रो स्वर्गदूतले आफ्नो कचौरो समुद्रमा खन्याए, र त्यो मरेका मानिसको रगतजस्तै भयो। अनि समुद्रमा भएका सबै जीवित प्राणीहरू मरे। ४ अनि तेस्रो स्वर्गदूतले आफ्नो कचौरो नदीहरू र पानीका मूलहरूमा खन्याए, र ती रगतै भइहाले। ५ तब पानीको जिम्मा लिने स्वर्गदूतले यसो भनिरहेका मैले सुनें, "तपाईं आफ्ना इन्साफमा न्यायी हुनुहुन्छ, तपाईं जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, हे पवित्र परमेश्वर। किनभने यसरी नै तपाईंले इन्साफ गर्नुभएको छ। ६ किनकि तिनीहरूले सन्तहरू र अगमवक्ताहरूको रक्तपात गरेका छन्, र तपाईंले**

**तिनीहरूलाई रगत पिउन दिनुभएको छ। त्यो तिनीहरूले पाउनैपर्ने हो।" ७ तब वेदीले यसो भनिरहेको मैले सुनें, "हो, परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका इन्साफ सत्य र न्यायसङ्गत छन्।" ८ त्यसपछि चौथो स्वर्गदूतले आफ्नो कचौरो सूर्यमाथि खन्याए, र मानिसहरूलाई अग्निले डढ़ाउने अनुमति सूर्यलाई दिइयो। ९ मानिसहरू प्रचण्ड तापले डढ़े, र तिनीहरूले ती विपत्तिहरूमाथि अधिकार भएका परमेश्वरका नाउँको निन्दा गरे। तर तिनीहरूले पश्चात्ताप गर्न र उहाँलाई महिमा दिन इन्कार गरे। १० अनि पाँचौं स्वर्गदूतले आफ्नो कचौरो त्यस पशुको सिंहासनमा खन्याए, र त्यसको राज्यमा अन्धकार छायो, र वेदनामा मानिसहरूले आ-आफ्नो जिब्रो टोके। ११ तिनीहरूका वेदना र घाउ-खटिराले गर्दा तिनीहरूले स्वर्गका परमेश्वरलाई सरापे। तर आफूले गरेका कुकर्मबाट पश्चात्ताप गर्न तिनीहरूले इन्कार गरे।"**

प्रथम चारवटा महामारीहरू जगतव्यापी होइनन् "नत्र भने यस संसारका मानिसहरू सबै सिध्दिने थिए।" एलेनजी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६२८बाट रूपान्तरित। पहिलो घिनलाग्दा र दुख्ने घाऊ खटिराहरू पशुलाई पूजा गर्नेहरूलाई मात्र पर्नेछन्। दोस्रो र तेस्रो महामारी समुद्र, नदीहरू र पानीका मुहानहरूमा पर्नेछन्। त्यहाँ भएका पानीहरू रगतमा परिणत हुनेछन्। खाने पानीबिना परमेश्वरप्रति विद्रोही भावनाहरू भएकाहरू जीउन सक्दैनन्। चौथौं महामारीले सूर्य वा घामलाई असर पार्नेछ। त्यसको प्रचण्ड गर्मीले मानिसहरूमा असह्य पीडा हुनेछ।

असह्य पीडाले सताइएका अधर्मी मानव जातिका हृदयहरू नरम हुनेछैनन् जसले गर्दा तिनीहरूको विद्रोही मनस्थितिमा परिवर्तन ल्याइनेछैन। बरू तिनीहरूले परमेश्वरको निन्दा गर्नेछन् र उहाँलाई सराप्नेछन्। तिनीहरूलाई थाहा हुनेछ कि परमेश्वरले नै ती महामारीहरू ल्याउनुभएको हो। तिनीहरू कोहीमा पनि पश्चातापको भावना हुनेछैन।

पाँचौं महामारीले फारो राजाको सिंहासनमै हाने जस्तै (प्रस्थान १०:२१-२३) पशुको सिंहासनमा हानिनेछ भनेर प्रकाश १६:१०,११ले बताउँदछ। त्यस पशुलाई यस पृथ्वीमा धर्मको नाउँमा सिंहासनमा राख्ने शैतान नै थियो (प्रकाश १३:२)। अब शैतानको अधिकारीको स्थानले शक्तिशाली महामारीहरूको सामना गर्न सक्दैन। जब मानिसहरू पीडाले सताइरहेका हुन्छन् तब बेबिलोनको शक्तिले तिनीहरूलाई सुरक्षा दिन सक्दैन भनेर तिनीहरूले महसुस गर्नेछन्। तैपनि तिनीहरूको दिमागले परमेश्वरको विरुद्धमा

जाने निर्णय गरिसकेको हुनाले ती महामारीको आतङ्कले तिनीहरूको हृदय परिवर्तन हुँदैन।

**हामी परमेश्वरसँग घनिष्ठ रहेर उहाँसँगसँगै कसरी हिँड्न सक्छौं जसले गर्दा गम्भीर दुःखको घट्ना हामीमाथि आइलागेतापनि हामीलाई परमेश्वरको प्रेमको बारे चाहिँदोमात्रामा जानकारी भएको हुनाले दुःखकै अवस्थामा पनि उहाँमाथि भरोसा राख्नसक्छौं?**

## ३. युफ्रेटस नदी सुक्छ

**प्रकाश १६:१२ "तब छैटौं स्वर्गदूतले आफ्नो कचौरो महानदी यूफ्रेटिसमा खन्याए, र नदीको पानी सुकिहाल्यो र पूर्वबाट आउने राजाहरूका निम्ति मार्ग तयार भयो।" र प्रकाश १७:१,१५ "१ ती सात कचौरा लिने सात स्वर्गदूतहरूमध्ये एक जनाले मकहाँ आएर मलाई भने, "यता आऊ, म तिमीलाई धेरै पानीहरूमा बसेकी त्यस महा वेश्यालाई दिइएको इन्साफ देखाउनेछु।...१५ ती स्वर्गदूतले मलाई भने, "तिमीले देखेका ती पानीहरू, जहाँ त्यो वेश्या बसेकी छे, तीचाहिँ मानिसहरू, भीड़हरू, जातिहरू र भाषाहरू हुन्।" युफ्रेटिस नदी इजिप्ट देशमा अहिले पनि छ तर बाइबलको भविष्यवाणीमा त्यो नदी केको प्रतीक हो? सातवटा महामारी वा विपत्तिहरूको परिवेशमा युफ्रेटस नदी सुक्नुको अर्थ के हो?**

पुरानो करारको समयमा इस्राएल देशका शत्रु देशहरू जस्तै असेरिया र बेबिलोनको जीवन थामी राख्न युफ्रेटस नदी अतिआवश्यक साधन थियो। बेबिलोन वा आधुनिक इराकद्वारा नदी बहन्थ्यो। त्यो देशको आसपासमा रहेका सहर तथा खेतबारीहरूमा त्यही नदीबाट सिँचाइ हुन्थ्यो र मानिसहरूलाई खाने पानी त्यही नदीबाट आउँथ्यो। यदि युफ्रेटस नदी नभएको भए बेबोलोनको अस्तित्व नै हुँदैनथ्यो।

युगको अन्तमा रहेको बेबिलोन धेरै पानीहरूमाथि बसिरहेको भनेर प्रकाश १७:१ले वर्णन गर्दछ। जब यर्मियाले यो लेखे "१२ बेबिलोनका पर्खालहरूका विरुद्धमा झन्डा उठाओ। गारदलाई बलियो पार। पहरा-चौकी खटाओ। लुकेर हमला गर्ने ठाउँ तयार पार। बेबिलोनका मानिसहरूका विरुद्धमा परमप्रभुले आफ्नो उर्दी दिनुभएको छ, उहाँले आफ्नो अभिप्राय पूरा गर्नुहुनेछ। १३ तँ, जो धेरै पानी भएका ठाउँमा बस्छस्, र धन-सम्पत्तिका भण्डारले पूर्ण भएको छस्, तेरो खतम हुने समय आइपुग्यो, तेरो अन्त्य आइपुग्यो।" (यर्मिया ५१:१२-१३) तब उनले युफ्रेटस नदीलाई सम्बोधन

गरेको हुनसक्छ। युगको अन्तिम समयमा बेबिलोन बस्ने पानीहरू भन्नुको अर्थ त्यस बेबिलोनलाई टेवा दिने मानिसहरूलाई भनेको हो भनेर प्रकाश १७:१५ले यसरी स्पष्ट पार्दछ "ती स्वर्गदूतले मलाई भने, "तिमीले देखेका ती पानीहरू, जहाँ त्यो वेश्या बसेकी छे, तीचाहिँ मानिसहरू, भीड़हरू, जातिहरू र भाषाहरू हुन्।" तिनीहरू विश्वको नागरिक, लौकिक वा धर्मसँग सम्बन्ध नभएको र राजनैतिक शक्ति वा प्रणालीहरूहुन् जसले बेबिलोनलाई जोगाइराख्न सहयोग गर्दछ। तर समय बित्दै जाँदा ती शक्ति वा प्रणालीहरू बेबिलोनलाई सहयोग गर्नबाट पछि हट्दै जानेछन्।

छैटौं महामारीको दृश्यले पर्सियाका राजा साइरसले पौराणिक बेबिलोनलाई कब्जा लिएको याद दिलाउँछ। त्यसबेला उनले बेबिलोन सहरमा जाने नदीलाई अन्तै बहाएका थिए र बेबिलोन सहरमा जाने नदीको बाटोलाई सुख्खा पारेर त्यसबाट आफ्ना सैनिकहरू सहरभित्र पठाएर उक्त बेबिलोन राज्य कब्जा गरेका थिए (दानिएल ५)। पौराणिक ग्रीकको इतिहासकार हेरोडोटसले यसबारे  यसरी वर्णन गर्दछन्ः त्यो रात राजा बेलशजार र देशका उच्च पदाधिकारीहरूसँग राजकीय भोजमा सम्मिलित भइरहेका थिए। पर्सियाका सैनिकहरूले त्यस सहरभित्र जाने नदीलाई रातभरिमा अन्तै बहाइदिए र सुख्खा नदीकै बाटोबाट तिनीहरू बेबिलोन सहरभित्र पसे। राजकीय भोजमा लठ्ठ भइरहेका राजा र देशका उच्च पदाधिकारीहरूलाई अचम्म पारेर पर्सियाका सैनिकहरूले बेबलोन सहर कब्जा गरेका थिए।

प्रकाश १६:१२मा उल्लेख गरिएको "तब छैटौं स्वर्गदूतले आफ्नो कचौरो महानदी यूफ्रेटिसमा खन्याए, र नदीको पानी सुकिहाल्यो र पूर्वबाट आउने राजाहरूका निम्ति मार्ग तयार भयो' अर्थात् युफ्रेटिस नदी  सुकेको अर्थ नदी सुकेको कारणले युगको अन्तमा बेबिलोन ढल्नेछ भनेर साङ्केतिक शब्दमा बोलिएको हो। किनभने प्रकाशको पुस्तकमा उल्लेख गरिएको युफ्रेटिस नदीले तिनीहरू विश्वको नागरिक, लौकिक वा धर्मसँग सम्बन्ध नभएको वा धर्मनिरपेक्ष राष्ट्रहरू र राजनैतिक शक्ति वा प्रणालीहरूहुन् जसले बेबिलोनलाई जोगाइ राखेका थिए र युफ्रेटिस नदी सुक्नुको अर्थ ती शक्तिहरूले बेबिलोनरुपी शक्तिलाई गर्ने सहयोग रोक्का गरिनेछ र त्यसमाथि आक्रमण गर्नेछ जसले गर्दा त्यो ध्वस्त हुनेछ। अर्थात् संसारका विभिन्न शक्तिहरूले परमेश्वरको बिरुद्धमा जाने आत्मिक शक्तिलाई दिनुपर्ने टेवा दिइनेछैन र त्यो शक्ति आखिरमा गएर पतन हुनेछ।

जब प्रकृतिमा आउने दैविक प्रकोपहरू विश्वका मानिसहरूले अनुभव गर्नेछन् तब तिनीहरूले सहयोग र सुरक्षाको निम्ति बेबिलोनको सहारा माग्नेछन् (हेर्नुहोस् " ३ दोस्रो स्वर्गदूतले आफ्नो कचौरो समुद्रमा खन्याए, र त्यो मरेका मानिसको रगतजस्तै भयो। अनि समुद्रमा भएका सबै जीवित प्राणीहरू मरे। ४ अनि तेस्रो स्वर्गदूतले आफ्नो कचौरो नदीहरू र पानीका मूलहरूमा खन्याए, र ती रगतै भइहाले। ५ तब पानीको जिम्मा लिने स्वर्गदूतले यसो भनिरहेका मैले सुनें, "तपाईं आफ्ना इन्साफमा न्यायी हुनुहुन्छ, तपाईं जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, हे पवित्र परमेश्वर। किनभने यसरी नै तपाईंले इन्साफ गर्नुभएको छ। ६ किनकि तिनीहरूले सन्तहरू र अगमवक्ताहरूको रक्तपात गरेका छन्, र तपाईंले तिनीहरूलाई रगत पिउन दिनुभएको छ। त्यो तिनीहरूले पाउनैपर्ने हो।" ७ तब वेदीले यसो भनिरहेको मैले सुनें, "हो, परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका इन्साफ सत्य र न्यायसङ्गत छन्।" ८ त्यसपछि चौथो स्वर्गदूतले आफ्नो कचौरो सूर्यमाथि खन्याए, र मानिसहरूलाई अग्निले डढ़ाउने अनुमति सूर्यलाई दिइयो। ९ मानिसहरू प्रचण्ड तापले डढ़े, र तिनीहरूले ती विपत्तिहरूमाथि अधिकार भएका परमेश्वरका नाउँको निन्दा गरे। तर तिनीहरूले पश्चात्ताप गर्न र उहाँलाई महिमा दिन इन्कार गरे' प्रकाश १६:३-९)। तर पाँचौ बिपत्तीले पशु वा बेबिलोनकै " १० सिंहासनमा खन्याए, र त्यसको राज्यमा अन्धकार छायो, र वेदनामा मानिसहरूले आ-आफ्नो जिब्रो टोके। ११ तिनीहरूका वेदना र घाउ-खटिराले गर्दा तिनीहरूले स्वर्गका परमेश्वरलाई सरापे। तर आफूले गरेका कुकर्मबाट पश्चात्ताप गर्न तिनीहरूले इन्कार गरे' (प्रकाश १६:१०-११) जसले गर्दा तिनीहरूले यो थाहा पाउनेछन् कि बेबिलोन वा पशुको पछि लागेर सहायता माग्नु बेकारको हुनेछ। बेबिलोनले तिनीहरूलाई धोका दिएको अनुभव गर्नेछन् र ती मानिसहरूले बेबिलोनमाथि हमला गर्नेछन जस्को फलस्वरुप त्यसको पतन हुनेछ (प्रकाश १७:१६ " अनि तिमीले देखेका ती दश सिङ र त्यस पशुले त्यस वेश्यालाई घृणा गर्नेछन्, र त्यसलाई एकलो र नाङ्गो पार्नेछन्, त्यसको मासु खानेछन्, र त्यसलाई आगोमा भस्म पारिदिनेछन्")। यस्तो अवस्थामा पनि परमेश्वर र उहाँका जनहरूको बिरुद्धमा तिनीहरूको हृदय कठोर हुनेछ। यस्तो समयमा बिद्रोही भावना जागेका तत्वहरू शैतानको निम्ति अन्तिम धोका दिन बहाना गर्न उर्बरा माटो हुनेछ। अनि उसले परमेश्वरका जनहरूलाई यस पृथ्वीबाट सदाको निम्ति नष्ट पार्न विश्वका शक्तिहरूलाई एकजुट बनाएर हमला गर्नेछ।

**मानिस र मानिसका संस्थाहरूमाथि पूरा भरोसा राख्न तपाईंको निम्ति कस्तो जोखिम हुनेरहेछ भनेर के तपाईंले सिक्नुभएको छ?**

## ४. शैतानको अन्तिम ठूलो धोखा

युफ्रेटिस नदी सुकाउनुको अर्थ पूर्वका राजाहरूको निम्ति बाटो तयार पार्नु हो भनेर प्रकाश १६:१२ले हामीलाई बताउँदछ। पूर्वका राजाहरू भनेको उत्तरमा रहेको बेबिलोनका राजा साइरस (कोरेश) र उनका फौजहरू पूर्वबाट हमला गर्न आउनु हो भनेर पुरानो करारले बताउँछ (यशैया ४१:२५ "“मैले कसैलाई उत्तर दिशादेखि उक्साएको छु, र तिनी आउँछन्। सूर्य उदय हुने दिशाबाट आएर तिनले मेरो नाउँ लिन्छन्। तिनले हिलोलाई कुल्चेझैं शासकहरूलाई कुल्चनेछन्, कुमालेले माटो कुल्चेझैं")। बेबिलोनमा आक्रमण गरेर जितेकै कारणले परमेश्वरका जनहरू आफ्नो देशमा जान सम्भव हुन गएको थियो ("२७ जसले गहिरा पानीलाई भन्छ, ‘सुकिजा, म तेरा खोलाहरूलाई सुकाउनेछु,’ २८ जसले कोरेसका बारेमा भन्छ, ‘त्यो मेरो गोठाला हो, र मेरो सबै इच्छा त्यसले पूरा गर्नेछ। यरूशलेमको बारेमा त्यसले यसो भन्नेछ, “त्यो फेरि बनाइओस्,” र मन्दिरको बारेमा चाहिँ, “यसको जग बसालिओस्" यशैया ४४:२७-२८)। इतिहासमा पूर्वतिरबाट आएर साइरस वा कोरेश राजा र उनको फौजले बेबिलोनमाथि नदी सुख्खा गरेर बिजय प्राप्त गरेको वास्तविकता थियो भने त्यसले भविष्यवाणीको अर्थ पनि लगाएको छ। जसरी पूर्वतिरबाट राजाहरूले आएर युफ्रेटिस नदी सुकाएर बेबिलोनलाई कब्जा गरेर परमेश्वरका जनहरूलाई उद्धार गरिएकोथियो त्यसरी नै युगको अन्तमा रहने परमेश्वरका जनहरूलाई पनि पूर्वतिरबाटनै आएर उद्धार गरिनेछ।

प्रकाश १६:१२मा लेखिएको पूर्वका राजाहरू भनेको येशू र उहाँका फौजा स्वर्गका स्वर्गदूतहरू हुन्। येशूको दोस्रो आगमनमा उहाँ आफ्ना स्वर्गदूतहरूको फौजसाथ सफा, सेतो र मलमलको वस्त्र पहिरेर आउनुहुनेछ ("स्वर्गका सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चढ़ेर उहाँको पछिपछि लागे" प्रकाश १९:१४)। त्यसको अर्थ स्वर्गदूतका पापरहित वस्त्र छन् ("स्वच्छ र उज्ज्वल वस्त्र धारण गरेका र छातीमा सुनौलो फित्ता बाँधेका सात स्वर्गदूतहरू सात विपत्ति लिएर मन्दिरबाट बाहिर निस्के" प्रकाश १५:६)। स्वर्गका फौजहरूको साथमा येशू आकाशबाट ओर्लिनु भएर परमेश्वरका जनहरूलाई दमन गर्ने शैतानका फौजहरूमाथि बिजय प्राप्त

गर्नुहुनेछ भनेर प्रकाश १७:१४ले यसरी बताउँछ "तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।" (यही सन्दर्भमा येशूले यसरी व्यक्त गर्नुभएको छ "३० तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। ३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्" मत्ती २४:३०-३१)। येशू ख्रीष्ट र उहाँका जनहरूको बिरुद्धमा शैतान अन्तिम युद्ध छेड्न अग्रसर भइरहेको बेलाले येशूको दोस्रो आगमनमालाई निम्त्याउनेछ। त्यसबेला प्रभु येशू र परमेश्वरका जनहरूको खिलाफमा ठूलो युद्ध हुनेछ। त्यस युध्दलाई आर-मागेड्डोनको महायुद्ध भनिन्छ।

**आर-मागेड्डोनको महायुद्धको तयारीको निम्ति तिन अपवित्र वा दुष्ट आत्माहरू आउनेछन् भनेर प्रकाश १६:१३,१४ले यसरी बताउँछः "१३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्।" शैतानबाट निस्किने ती दुष्ट आत्माहरू प्रकाश १४मा उल्लेख गरिएका तिन स्वर्गदूतहरूको नक्कली वा खोटो कसरी हुनसक्छ? हेर्नुहोस् "पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट तर्किजानेछन्" १ तिमोथी ४:१)।**

मानिसहरूले पाएको पश्चाताप गर्ने अवसरको ढोका बन्दहुनेछ भनेर युगको अन्तमा हुने विभिन्न अन्तिम घट्नाहरूले देखाउँछ। जब पश्चातापको ढोका बन्द हुन्छ तब यस संसारमा जन्मेका प्रत्येक मानवप्राणीले आर्मगेड्नको महायुद्धमा दुई पक्षहरूको बीचमा आफू कसको पक्षमा उभिने भनेर निर्णय गरिसकेको हुन्छ। यो आत्मिक युद्ध हुनु अगाडि तिन राक्षसी वा दुष्ट आत्माहरू भ्यागुताको रूपमा निस्केको यूहन्नाले देख्दछन्। शैतानले मानिसहरूलाई सनातन सृष्टिकर्ता सत परमेश्वरलाई विश्वास नगरोस् भनेर दुष्ट

र झुटो तथा छलि आत्माहरू पठाएर परमेश्वरको जनहरूको खिलाफमा अन्तिम अस्त्र प्रयोग गर्नेछ।

वास्तविक अर्थमा ती तिन भ्यागुताका वा दुष्ट छली आत्माहरू कुन् हुन् त? तिनीहरू अजिङ्गर रूपी शैतान जो मूर्तिपूजा र धर्मको नाउँमा तन्त्रमन्त्र तथा अलौकिक आदि गर्ने शक्ति, समुद्रबाट निस्किएका पशु वा परमेश्वरको वचनमा परम्पराहरू घुसाएर त्यसलाई ओझेलमा पार्ने रोमन क्याथोलिक चर्च र झुटा अगमवक्ता वा धर्मगुरुहरू जो एक फेरा सुधारवादी वा प्रोटेस्टेन्ट भएर नाउँ कमाएका इसाईहरू तर परमेश्वरको वचनबाट पतित भएका देखावटी इसाईहरू हुन्। तिनीहरू शैतानको आदेशमा र उसको नेतृत्वमा एक हुनेछन् (हेर्नुहोस् "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सिङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो" प्रकाश १३:११-१२)। थुमा जस्तो देखिने पशुलाई अनेकौं अलौकिक र अचम्म कामहरू गर्न शैतानले शक्तिसम्पन्न गराउनेछ (हेर्नुहोस् "१३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो" प्रकाश १३:१३-१८)। ती विभिन्न आत्मिक शक्ति वा अचम्मका कामहरू संसारका मानिसहरूले सत्य परमेश्वरतिर ध्यान नदिउन भनेर शैतानले प्रयोग गर्ने अन्तिम रणनीति हुन्।

परमेश्वर र उहाँका सत्य वचन वा बाइबलप्रति अत्यन्त घृणा जगाएर अन्धा हुन पुगेका विश्वका नेताहरू शैतानका झुठमुठलाई विश्वास गर्न तयार हुनेछन्। शैतानले धर्म, आत्मज्ञान, विश्वशान्तिको वस्त्र लगाउँछ जुन सबै मानिसहरू ती कुराहरूबाट मुग्ध हुन्छन् (यस बारेमा पावलले यसरी आफ्नो स्पष्ट ज्ञान प्रकट गर्दछन् "९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यस अनुसार बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्" २ थेसलोनिकी २:९-१२)। अन्तमा आएर परमेश्वरका बिरुद्धमा लाग्नेहरू एकजुट हुनेछन् र त्यसले संसारको अन्तमा संसारलाई अन्तिम युद्धमा होमिदिनेछ।

## ५. आरमागेड्डोनको युद्धको निम्ति जम्मा हुन्छन्

**सारा विश्वका ख्रीष्ट र उहाँका भक्तहरूको बिरोधी मानव जातिलाई आरमागेड्डोनको युद्धमा आफ्नो छलि अस्त्र प्रयोग गरेर जम्मा गर्न शैतान कतिको सफल हुनेछ भनेर प्रकाश १६:१३-१६ले कसरी बताउँछ? हेर्नुहोस, "१३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्। १५ "हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिंड्नेछ, र त्यसको नग्नता देखिनेछ।" १६ तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ।"**

अनेकौं धर्मको नाउँमा अलौकिक चमत्कारहरू गरेर संसारका ठूला साना मानिसहरूलाई भुलाएर आफूतिर तान्न शैतान सफल हुनेछ। बाइबलको विशुद्ध शिक्षालाई त्यागदा मानिसहरूलाई भुलाउने अनेकौं चमत्कारीय कामहरूद्वारा झुटो शिक्षादीक्षा आदिलाई सत्य भनेर स्वीकार गराउनेछ। यस मामिलामा पावलले स्पष्टसँग वर्णन गर्दछन् "९ शैतानको कामकाजबमोजिम

पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्" (२ थेसलोनिकी २:९-१२)। अनेकौं आत्मिक वा अलौकिक सस्त्रअस्त्र प्रयोगको माध्यमद्वारा विश्वका साधारण र शक्तिशाली मानिसहरू एकत्रित हुँदै एउटै लक्ष्यको निम्ति एक भएर आर--मागेड्डोन भन्ने ठाउँमा जम्मा हुन्छन्। त्यस आर--मागेड्डोनको अर्थ मेगिडोको पहाड हो। यो ठाउँ पहाड त होइन बरू एउटा किल्ला सहर हो। यो कार्मेल पहाडको बेसीमा भएको उपत्यकामा छ जसलाई जेजरियल (वा इस्ड्रालोनको उपत्यका) भनिन्छ। यो ठाउँ अत्यन्त सामरिक महत्त्वको थियो। यो ठाउँ युद्धको निम्ति उपयुक्त ठाउँ थियो।

इस्ड्रालोनको उपत्यकामा इस्राएलको इतिहासमा धेरै निर्णायक युद्धहरू भएका थिए (न्यायकर्ता ५:१९, न्यायकर्ता ६:३३, २ दोस्रो राजा ९:२७, २ राजा २३:२९,३०)। यही ठाउँको ऐतिहासिक पृष्ठभूमिलाई साङ्केतिकरूपमा प्रयोग गरेर प्रकाशको पुस्तकले ख्रीष्ट र दुष्टका फौजहरूको बीचमा अन्तिम महायुद्ध हुनेछ भनेर उल्लेख गर्दछ। त्यस युद्धलाई आरमागेड्डोनको युद्ध भनेर नाउँ दिइएको छ। तर त्यही इस्ड्रालोनको उपत्यका नै अन्तिम युद्धको थलो हुन्छ भनेको होइन। शैतानको गठबन्धनको नेतृत्वमा परमेश्वरको बाटोमा नहिँड्ने विश्वका सारा मानिसहरू एक फौज भएर परमेश्वरसँग युद्ध गर्नेछन्। त्यसैलाई चित्रण गर्न आर--मागेड्डोनको युद्ध भनेर नाउँ दिइएको हो।

"मेगिडोको पहाड" भनेर कार्मेल पहाडलाई सङ्केत गरिएको देखिन्छ। यो पौराणिक मेगिडोको उपत्यकामाथि उठिएको पहाड हो। यस ठाउँमा इस्राएलको इतिहासमा सबभन्दा ठूलो टक्कर परेको थियो। त्यसबेला परमेश्वरको सत्य अगमवक्ता एलिया र मूर्तिदेवता बालका धर्मगुरुहरूको बीचमा टक्कर परेको थियो (१ राजा १८)। त्यस टक्करको मूल विषयवस्तु थियो "सत्य परमेश्वर को हो?" जुन परमेश्वर वा भगवानले आकाशबाट आगो पठाएर बेदीमा भएको बलिलाई भष्म पार्छ त्यहीमात्र परमेश्वर वा भगवान वा पूजनीय हुनेछ भनेर बिवाद चलेको थियो। त्यस समय बालका धर्मगुरु वा पूजारीहरूले दिनभरि लगाएर अनेकौं चर्तिकला गरे बालदेवतालाई स्वर्गबाट

आगो पठाएर तिनीहरूको बेदीमा भएको बलिलाई भष्म पार्न अनुरोध गरेका थिए तर त्यसो भएन। जब एलियाको पालो आयो उनले पनि बेदीलाई निथुक्र भिजाएर बलि राखेका थिए। उनले प्रार्थना गर्दा प्रार्थना गरि नसिद्धिदैं स्वर्गबाट आगो आएर त्यस बलिलाई भष्म पारिएको थियो। त्यसले इस्राएलले मान्नुपर्ने सत्य परमेश्वर को हुनुहुन्थ्यो भनेर परमेश्वरले नै चिनारी गराउनुभएको थियो।

त्यसरी नै आर--मागेड्डोनको युद्धमा हुने आत्मिक विषयवस्तु परमेश्वरलाई कि मानिस वा मानिसले सृजना गरेका धर्म र धर्मगुरुहरूलाई पूजा गर्ने भन्ने हुनेछ। सारा महामारीहरू पर्नुभन्दा पहिले सबै मानव जातिको निम्ति यो निर्णायत्मक विषय हुनेछ। शैतान वा अजिङ्गर, पशु र झुटा धर्मगुरुहरू जो शैतानको पूरा नियन्त्रणमा हुन्छ पक्षमा उभिने कि परमेश्वरको पक्षमा उभिने भनेर सबैले निर्णय गर्नुपर्ने हुनेछ (येशूकै चेला यहूदाले शैतानको कुरा सुनेर उहाँलाई क्रुसमा टाँग्न लगाएको थियो, लूका २२:३१)। तिनीहरू हारेको पक्षमा रहेको थाहा पाएर जब येशू दोस्रो पटक आउनुहुनेछ तब पहाडहरू खसेर आफूहरूलाई लुकाइयोस भनेर चिच्याउनेछन् (प्रका ६:१६,१७ "१६ तिनीहरूले पहाड़हरू र चट्टानहरूलाई भने, "हामीमाथि खस, र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट हामीलाई लुकाओ, १७ किनकि उहाँहरूका क्रोधको ठूलो दिन आएको छ, र यसको अगि को खड़ा हुन सक्छ?" र २ थेस्सोलिनिकी १:७,८ "७ र तिमी कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनुहुन्छ। यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। ८ परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। ९ तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्")। तर महामारीहरू पर्नुभन्दा अघि पृथ्वीको पशुले पनि आकाशबाट आगो बर्षाउनेछ जुन शैतानले ल्याउने नक्कली शक्ति हुनेछ भनेर प्रकाश १३:१३,१४ले बताउँछ। शैतानको पक्षमा रहेका झुटा आत्मिक धर्मगुरुहरूले अर्को दुष्ट आत्माको आडमा अनेकौं आत्मिक जागरण, अध्यात्मिक चिन्तन आदिद्वारा मानिसहरूलाई मख्ख पार्नेछन्। यी सबै परमेश्वरका कामहरू हुन् भनेर शैतानको जालोमा पर्ने मानिसहरूले विश्वास गर्नेछन्। याद गर्नुहोस्, कतिपय मानिसहरूले एवं इसाई धर्मका धर्मगुरु वा वुद्धिजीविहरूले वकालत गरे अनुसार इस्राएल जस्ता मध्यपूर्व एशियाको कुनै ठाउँमा राष्ट्र राष्ट्रहरूको बीचमा हुने सैनिक युद्ध

होइन। तर विश्व्यापीरूपमा येशू र अन्धकारको शक्तिसँग निर्णायक टक्कर पर्ने घट्नालाई आर--मागेड्डोनको युद्ध भनिन्छ (२ कोरन्थी १०:४ "हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ")। त्यसको नतिजा कार्मेलको पहाडमा भएको जस्तै हुनेछ तर विश्वव्यापीरुपमा अन्धकारका शक्तिहरूमाथि परमेश्वरको विजय हुनेछ।

**वर्षौंसम्म मध्यपूर्व एशियामा भएका राजनैतिक र सैनिक युद्धहरूलाई संसारको अन्त्य र आर--मागेड्डोनको युद्ध भनेर धेरै मानिसहरूले ठानिरहेको पाइन्छ। कतिपय मानिसहरूले संसारको अन्त्यको बारेमा अनेकौं अडकलबाजी समयहरू तोकेर आर-मागेड्डोनको लडाईं सुरू हुन्छ भनेर प्रचारवाजी गरेका थिए र गरिहेकाछन्। स्थानीय तहमा हुने राजनैतिक खलबललाई बाइबलको भविष्यवाणी पूरा भएको हो भनेर अर्थ लगाउँदै त्यसको पछि नलाग्न हामी कसरी सुरक्षित हुने?**

## उपसंहारः

**थप जानकारीः** "जो मानिसहरूले बाइबलका सत्यहरूलाई मगजमा सोचेर राख्छन् तिनीहरूबाहेक कसैले पनि येशू र शैतानको बीचमा हुने अन्तिम महान् द्वन्दकालको सामना गर्न सक्नेछैनन्। प्रत्येक मानिसलाई यो आत्म आलोचनात्मक प्रश्न परीक्षाको रूपमा सामना गर्नुपर्नेछः के म मानिसको भन्दा परमेश्वरको आज्ञामा हिंड्ने? ...अन्तिम समयको समिक्षा गर्दै प्रेरित पावलले यो व्यक्त गर्दछन् "त्यो समय आउनेछ जब मानिसहरू बाइबलको स्वस्थ तथा स्वच्छ शिक्षादीक्षामा उभिन सक्नेछैनन्।" २ तिमोथी ४ः३। यो समय अहिले नै आइसकेको छ। बहुसङ्ख्यक मानिसहरू बाइबलको सत्यलाई चाहना गर्दैनन्, किनभने यसले तिनीहरूको पापस्वभाव र सांसारिक हृदयलाई पोस्न दिँदैन र तिनीहरूलाई मन पर्ने कुराहरूमा फसाइराख्न शैतानले आफ्ना छलहरूले तिनीहरूलाई भरिराख्छन्। "तर यस पृथ्वीमा परमेश्वरले एक विशेष मानिसहरूलाई खडा गर्नुहुनेछ। तिनीहरूको परिवर्तित र सुधारिएको जीवन केवल बाइबल र बाइबलको शिक्षादीक्षामामात्रै आधारित हुनेछ। अर्थात् इसाई धर्मका सबै दर्शन, बिचार, शिक्षा, सिद्धान्त आदिहरू केवल बाइबलकै स्तरमा वा बाइबलले देखाए अनुसार हुनुपर्छ। संसारमा बाइबलका ठूला विद्वानहरूले आआफ्नै सोचविचार व्यक्त गर्लान्, विज्ञानहरूले खोज अनुसुन्धान गरेर बाइबलको बारेमा विभिन्न तर्कयुक्त निष्कर्षहरू निकाल्न सक्छन्, इसाई

धर्मका विभिन्न परिषद वा सम्प्रदायहरूले सबैले अपनाउने औपचारिक सिद्धान्त वा निर्णयहरू प्रस्तुत गर्नसक्छन् र ती सिद्धान्त वा निर्णयहरू एक आपसमा बाझिन सक्छन् साथै बहुमत वा सबैले मानेको वा नमानेको प्रमाणित आधारहरूमा हामीहरूको धार्मिक वा आत्मिक आस्थाको जग बसाल्नुहुन्न। कसैले केही शिक्षा, धार्मिक दर्शन र नैतिक वचनलाई मान्न हामीलाई अऱ्हाउँछ भने त्यसलाई स्पष्टरूपमा "प्रभुले यस्तो भन्नुभयो"को आधारमा समर्थन गर्नुपर्छ।...मानिसहरूलाई परमेश्वरबाट अलग राख्न र उहाँको बिरुद्धमा खडा गरिरहने शैतानको छलिक्रियाकलापहरूको अन्तिम वा सर्बोच्च प्रयासमा शैतान आफै येशूको भेषमा आउनेछ। मुक्तिदाताको आगमनमा सबै आफ्ना आशाहरू पूरा हुनेछ भनेर अपेक्षा गर्दै चर्चले लामो समयसम्म दावी गरिरहेको छ। अब सबै छलहरूको सर्बोच्च स्वामी शैतान आफै येशू ख्रीष्ट हुँ भनेर सबैलाई धोखा दिन आउनेछ। जुनरुपमा यूहन्नाद्वारा प्रकाशको पुस्तकमा परमेश्वरको पुत्रको बारेमा वर्णन गरिएको छ त्यसैको नक्कल गर्दै विश्वको विभिन्न भागहरूमा आँखै तिर्मिराउने तेजस्वीमय तरिकाले सबैलाई भ्रममा पार्न शैतान देखा पर्नेछ।(शैतान नै सबैले अपेक्षा गरेको येशू हुनुहुन्छ भनेर देखाउन प्रकाश १:१३-१५मा येशूको यसरी वर्णन गरिएको नक्कल उसले गर्नेछ "१३ सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखें। १४ उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए। १५ उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए, र उहाँको सोरचाहिँ उर्लिंदो पानीहरूको आवाजजस्तै थियो")। आजसम्म कुनै मानिसले नदेखेको आश्चर्यचकित महिमा र तेजले उसलाई घेर्नेछ। सारा संसारका मानिसहरूले बिजयउल्लासको स्वर आकाशमा घन्काउनेछः 'येशू ख्रीष्ट आउनुभयो! हामीलाई उद्धार गर्नुहुन मसीह आउनुभयो!' आफ्नो श्रद्धाभाव देखाउन उसको सामु लम्पसार पर्नेछन्...अत्यन्त करुणामयी, कोमल तथा मृदु स्वरमा सबैलाई मुग्ध गर्न येशूले जस्तै उहाँको अनुग्रही र स्वर्गीय सत्यहरू उसले उच्चारण गर्नेछ। उसले बिभिन्न मानिसहरूका विभिन्न रोगहरू निको पार्नेछ। येशूको स्वभावको नक्कल गर्दैउसले यो दावी गर्नेछ कि उसले हप्ताको सातौं दिन साबथलाई आइतबारमा सारिएको थियो र उसले आशिष दिएको साबथलाई पवित्रमान्न सबैलाई आदेश दिनेछ। उसले ज्योति र सत्यले सुसज्जित गरि पठाएको अनेकौं स्वर्गदूतहरूको (मानव धर्मगुरुहरू)

कुरा नमानि हप्ताको सातौं दिनमात्र पवित्र छ र त्यसलाई पालन गर्नुपर्छ भनेर जिद्दी गर्दै सिकाइरहने मानिसहरूले आफ्नो नाउँको बेइज्जत र निन्दा गरिरहेको छ भनेर घोषणा गर्नेछ। मानिसहरूलाई छल गर्ने शैतानको यो अत्यन्त बलियो र झन्डै उच्च स्तरको चाल हुनेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५९५-५९५,६२४बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) आरमागेड्डोनको युद्धको निम्ति तयार हुनुपर्ने सन्दर्भमा येशूले दिनुभएको आदेशलाई प्रकाश १६:१५मा यसरी लेखिएको पढ्नुहोस "“हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिंड्नेछ, र त्यसको नग्नता देखिनेछ।” यस्तै खालको चेतावनी लेओडेकियाको चर्चलाई प्रकाश ३:१७ दिनुभएको पनि हेर्नुहोस "“म धनी छु, र मसित धन-सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन” भनी तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दुःखी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौ।" यस संसारमा रहिरहने परमेश्वरका जनहरूले युगको अन्तमा हुने आत्मिक संघर्षसँग सामना गर्न लेओडेकियाको चर्चलाई दिइएको उक्त सन्देश पनि कतिको महत्त्वपूर्ण ठान्नुपर्छ? त्यो सन्देश बस्तुगत वा अरूलाई मात्र लागु हुन्छ भनेर स्वीकार नगर्दै आफूलाई पनि कसरी लागु हुन्छ भनेर व्यक्तिगतरूपमा कसरी आत्मसात् गर्ने?

आ) प्रकाशको पुस्तकमा उल्लेख गरिएको सफा र सेतो पोशाको अर्थ येशूको धार्मिकता भनेर चित्रण गरिएको छ (प्रकाश ३:४,५, प्रकाश १९:७-९)। युगको अन्तमा शैतानको अनेकौं छलहरूको अन्तिम आत्मिक, भौतिक र मानसिक लडाईंको सामना गर्न केवल येशूको धार्मिक पोशाक लगाउनेहरूमात्र सामर्थ्यवान हुनेछन् भनेर किटान गरिएको छ। थुमारूपी येशूको रगतमा कसैले आफ्नो पोशाक सेतो र सफा गरेर कसरी धुन सक्दछ ("९ यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। १०

तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" ११ अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरू सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। १२ "आमेन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!" १३ धर्म-गुरुहरूमध्ये एउटाले मलाई सोधे, "यी सेता पोशाक लाउनेहरू को हुन्, र कहाँबाट आएका हुन्?" १४ अनि मैले तिनलाई भने, "हजूर, तपाईं नै जान्नुहुन्छ।" तिनले मलाई भने, "यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्।" प्रकाश ७:९-१४)?

## कथा ११
## साथी बनाउने कला रहस्यमय छ
## भितालिना मेन्दिस मोरिइरा, ५७, साओ टेमो र प्रिन्सिपे

साओ टेमोको निबासी भाइटलिनालाई दोस्रो बच्चा पाउने बेलामा धेरै साह्रो भएको थियो। उनी धेरै रगत बगेको थियो। डाक्टरहरूले लापर्वाहीपूर्ण तरिकाले गलत समूहको रगत उनमा चढाइ दिएका थिए। बालक बच्चा त जन्म्यो तर भाइटलिनाका खुट्टाहरूमा गम्भीर रोग लाग्यो। उनलाई बचाउन डाक्टरहरूले उनको खुट्टा काटि दिए। भाइटलिना केवल १० वर्षकी मात्र थिइन्।

जब उनी ९ महिनाको अस्पतालको बासपछि घर फर्किइन् तब उनले आफ्नो श्रीमानले अर्कै केटी ल्याएको रहेछ भनेर थाहा पाइन्। उनको श्रीमान् केही दिनमात्र घर बस्दथ्यो र अरू दिन बाहिरै हुन्थ्यो। भाइटलिना अत्यन्तै दुःखी र उदास भइन्। उनले आत्महत्या गर्न खोजिन। तब एक दिन एक जना वृद्ध सेभेन्थ-डे एडभेन्टिस्ट महिला भाइटलिनाको घरमा आइन । उनको फोहर लुगाहरू लिएर नजिकको नदीमा हरेक हप्ता धुन थालिन्। उनले भाइटलिनाको लुगाफाटाहरू धुन्दै जादाँ एक दिन अचानक विरामी परिन र डाक्टरले उनको स्वास्थको कारण पानीबाट जोगिन सुझाव दिए । अनि ती एडभेन्टिस्ट महिलाले चर्चका अरू साथीहरूलाई भाइटलिनाको लुगा धोइदिन अनुरोध गरिन्।

भाइटलिना तिनीहरूको सहयोगको निम्ति आभारी थिइन् तर उनलाई असजिलो लागिरहेको थियो। "मलाई के गरूँ के गरू भइरहेको थियो किनभने म एडभेन्टिस्ट थिइनँ र तिनीहरूले किन मेरो लुगा धोइरहेका थिए सो मैले बुझ्न सकिँन" उनले भनिन्। अनि एक दिन उनले लुगा धोइदिने महिलाहरूलाई केवल केही लुगामात्र दिइन् र अरू लुगाहरू लुकाइन् र भनिन् "आज त्यतिमात्र हो। यो हप्ता मेरो धेरै धुने लुगाहरू छैन।" ती एडभेन्टिस्ट महिलाहरूलाई उनको कुरा पत्यार लागेन र घरमा अरु लुगा छन् कि भनेर खोज्न थाले तर एउटा कुनामा लुगाको थुप्रो थुपारिराखेको तिनीहरूले भेट्टाए। तिनीहरूले त्यो पनि भेट्टाए र धोइदिए। भाइटलिनाले आफ्नो जीवनलाई सम्हाल्न सकुँ भनेर परमेश्वरसँग प्रार्थना गरिन्। केही समयपछि उनले सानो र पुरानो लुगा सिउने हाते कल पाइन् र लुगाहरू सिलाउन सिकिन्। दुवै खुट्टा

नभएतापनि आफ्नो हातले मेहनत गरेर लुगा सिलाएर लुगा बेच्न थालिन्। उनको काममा फलिफाप भयो। उनका अरू पाँच जना छोराछोरीहरू भए। अनि त्यसपछि उनको श्रीमान्‌को मृत्यु भयो। एक दिन एक जना सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीले उनीसँग बाइबलको बारेमा छलफल गरिन् र उनको खानामा परिवर्तन ल्याउन अनुरोध गरिन्। तर उनलाई बाइबलप्रति चासो भएन र आफ्नो खानेकुरा बदल्न चाहिनन्। अनि सन् २०१२मा एडभेन्टिस्ट पास्टरले दुई हप्ते सुसमाचार प्रचार कार्यक्रमको आयोजना गरे। "जब मैले सुसाचारीय कार्यक्रममा भाग लिएँ तब मेरो जीवनमा परमेश्वरले अचम्मका कामहरू गर्नुभएको भनेर मैले महसुस गरे। सिलाइ मेशिन उपलब्ध गराउनुभएर पैसा कमाउन सहयोग गरेर उहाँले मेरो प्रार्थनाको जवाफ दिनुभयो। यो पनि एउटा कारण हो कि मैले सुसमाचारलाई ग्रहण गरेँ" खुशी भएर भाइटलिनाले आफ्नो कुरा भनिन्। भाइटलिनाले प्रत्येक बेलुका सुमाचारीय कार्यक्रममा भाग लिइन् र बप्तिस्मा पनि लिइन्। आफ्नो कथा बाँड्न रमाइलो मानेकी भाइटलिना जसजसले उनको कथा सुन्नु  चाहन्छन्  तिनलाई सुनाइहाल्ने उनको बानी नै भइसकेको छ। "मलाई हेर्नुहोस् त! परमेश्वरले मेरो जीवनमा कस्तो काम गरिरहनुभएको छ। परमेश्वर अचम्मको हुनुहुन्छ। तपाईंले पनि उहाँलाई विश्वास गर्न आवश्यक छ" जो मानिस उनकहाँ आउँछ उनी यो सुनाउँछिन्। उनको यस कुराकानीले सात जना मानिसहरूलाई एडभेन्टिस्ट चर्चमा समावेस हुन राजी  गराएकी थिइन्। त्यो चर्च उनी रहेको तिन किलोमिटर वा दुई माइल टाढा छ। ती सात जनालाई चर्चमा जान बस खर्च आफैले दिएकी थिइन्। ती सातै जना अहिले एडभेन्टिस्ट चर्चका सदस्यहरू भएका छन्। भाइटलिनाले उनको घर बाहिर बाइबल अध्ययन टोली पनि गठन गरिन् र उनको सक्रियतामा छ जनाले बप्तिस्मा लिए। बिस्तारै उनको सक्रियताले ४० जनाले बप्तिस्मा लिए। उनका दुई जना छोराछोरीहरूले पनि बप्तिस्मा लिए। चर्चका अगुवाहरू उनको घरको छेउछाउमा चर्च बनाउने तरखरमा जुटेका छन्। चर्चको निम्ति जग्गा किन्न पैसाको कमीले गर्दा उनले आफ्नै घरको जग्गामा अस्थायी चर्च निर्माण गर्न दिएकी छिन्। त्यो चर्च काठको थियो सो सेप्टेम्बर २०१७मा निर्माण भएको थियो। "मेरो घरको ढोकाको सामु चर्च भएकोमा मलाई धेरै खुशी लागेकै छ। त्यतिमात्र नभएर धेरै मानिसहरूले प्रभुलाई विश्वास गरेकोमा म धेरै खुशी छु" उनले बैठकको सोफामा बसेर आफ्नो हर्ष व्यक्त गरिन्।

अरूलाई येशूकहाँ ल्याउने गोप्य तरिका भनेकै अरूसँग मित्रता गाँस्नु हो उनले भनिन्। "साथी नबनाइकन कसैलाई पनि परमेश्वरमा ल्याउन गाऱ्हो छ। म छिमेकीहरूलाई साथी बनाउँछु र चर्चमा आउन अनुरोध गर्दछु" आफ्नो गोप्य कुरा खोल्दै उनले भनिन्। उनको मन पर्ने बाइबलको पद मत्ती ६:३३ हो "पहिला परमेश्वरको राज्य र उहाँको धार्मिकता खोज र अरू सबै थोक तिमीलाई थपिनेछन्" (रूपान्तरित)। "यस पदले मलाई धेरै हौसला प्रदान गर्छ किनभने यदि मैले मेरो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिएँ भने मेरो सबै आवश्यकता उहाँले पूरा गरिदिनुहुन्छ" खुट्टा नभएपनि दयालु हृदय भएकी भाइटलिनाले यस कथाका लेखकलाई भनिन्।

*-लेखक आन्द्र्यु मेकचेस्ने*